STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

वर्ष २२ | अङ्क १७४ | श्रेणी क्षेत्रीय 'क' | २०७८ असार २३ गते बुधबार | 7 July 2021 | पृष्ठ ४ | मूल्य रू. २।-

## सहमति खोज्दै एमाले कार्यदल

**रासस**
**काठमाडौं, २२ असार**

नेकपा (एमाले)को आन्तरिक विवाद समाधानका लागि गठित कार्यदलले मंगलबार पनि छलफल गरी सहमतिका आधार तय गर्न परामर्श लिएको छ।

कार्यदलको अर्को बैठक बुधबार बिहान पुनः बसेर थप छलफल हुने जनाइएको छ। कार्यदलका सदस्य एमालेका सचिव गोकर्णराज विष्टले छलफल सकारात्मकरुपमा अघि बढेको जानकारी दिए।

पार्टीका शीर्ष र दोस्रो तहका नेताबीच भएको अनौपचारिक छलफललाई व्यवस्थितरुपमा सहमतिमा परिणत गर्न कार्यदलको बैठक शुरु भएको हो। पार्टी अध्यक्ष केपी शर्मा ओली महाधिवेशन आयोजक कमिटी विघटन गराई २०७५ जेठ ३ गते अगाडिको साङ्गठनिक स्थितिका आधारमा सञ्चालन गर्न तयार भएपछि सहमतिको वातावरण बनेको हो।

एमाले केन्द्रीय कमिटीको १३ औं बैठकले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने प्रस्ताव र सर्वोच्च अदालतमा रिट दायर गर्दा पार्टीका २३ निवर्तमान सांसदबाट गरिएको हस्ताक्षर फिर्ता गर्न मंगलबार साँझ ५ बजेसम्म समय दिइएका सन्दर्भमा कार्यदल सक्रिय भएको हो। नयाँ प्रधानमन्त्री चयन प्रक्रिया सफल हुन नसकी गत जेठ ८ गते प्रतिनिधिसभा दोस्रो पटक विघटन भएपछि एमालेको कार्यदल निष्क्रिय भएको थियो।

कार्यदलमा प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओली पक्षबाट नेता सुवास नेम्वाङ, विष्णुप्रसाद पौडेल, प्रदीपकुमार ज्ञवाली, शङ्कर पोखरेल र विष्णुप्रसाद रिमाल तथा नेता माधवकुमार नेपाल पक्षबाट डा भीमबहादुर रावल, घनश्याम भुसाल, सुरेन्द्रप्रसाद पाण्डे, विष्ट र रघुजी पन्त हुनुहुन्छ। अध्यक्ष ओली र नेता नेपालबीचको सहमतिबाट १० सदस्यीय कार्यदल गठन भएको थियो।

## निर्वाचन आयोगले इजलासमार्फत जसपाको आधिकारिकता टुङ्ग्याउने

**रासस**
**काठमाडौं, २२ असार**

सत्ता समीकरणका दौरानमा दुई धारमा विभाजित जनता समाजवादी पार्टी नेपाल (जसपा) भित्रको विवाद थप चुलिँदै गएको छ।

पार्टी अध्यक्ष महन्थ ठाकुरले नेतृत्व गरेको समूह र अर्का अध्यक्ष उपेन्द्र यादवले नेतृत्व गरेको समूहले निर्वाचन आयोगमा आधिकारिकतालाई लागि दिएको निवेदनमा केही समयअघि दुवै समूहलाई आधिकारिकता दिइएको थिएन। पछि दुवै समूहले आधिकारिकता दावी गर्दै आयोगलाईथपध्यानाकर्षणगराएका थिए। जसपाको विवाद निरुपण सन्दर्भमा आयोगले मंगलबार जसपाका यादव र ठाकुर दुवैसहितका नेतालाई बोलाएर छलफल गरेको छ। पार्टीको आधिकारिकता विवाद हल गर्न आयोगले बोलाएको संयुक्त बैठकमा दुवै पक्षका नेता विभाजित हुन सहमत भएका छन्। जसपाको आधिकारिकताबारे आयोग अब एक साताभित्र इजलास गठन गरी कानून व्यवसायीको परामर्श लिएर ठोस निष्कर्षमा पुग्ने छ।

जसपाका नेता केशव झाका अनुसार आयोगले दुवै पक्षको धारणा लिएको र त्यसमा उनीहरुले भिन्नभिन्न रुपमा पार्टीलाई अघि बढाउने अवधारणाका साथ धारणा व्यक्त गरेका छन्। बैठकमा अध्यक्ष यादवले एउटै पार्टी दुई तरिकाले चल्न नसक्ने जनाउँदै अहिलेको अवस्थामा सँगै बस्ने स्थिति नभएकाले आगामी प्रक्रिया चाँडो टुङ्गो लगाइदिन आयोगलाई आग्रह गरेका थिए।

अर्का अध्यक्ष ठाकुरले पार्टी एकता आफूहरुको कार्यसूची भएको र परिवर्तनकारी शक्ति, उत्पीडित शक्तिका हितमा पार्टीलाई अघि बढाइने भए पनि त्यस किसिमको वातावरण नरहेको जनाउँदै आयोगले पार्टीको आधिकारिकताबारे चाँडो टुङ्गो दिनुपर्ने धारणा राखेका थिए।

## 'बजेट पारित भएपछि सरकारले पूर्णता पाउने'

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले प्रदेशवासीको समृद्धिका लागि सरकारले यात्रा प्रारम्भ गरेको बताएका छन्।




मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा उनले अप्ठ्यारो अवस्थामा गठित वर्तमान सरकारले सबैको साथ र सहयोग लिएर समृद्धिको जनचाहना पूरा गर्ने प्रतिवद्धता व्यक्त गरे। उनले बजेट प्रदेश सभाबाट पारित भएपछि सरकारले पूर्णता प्राप्त गर्ने र कार्यविभाजन गरिने जानकारी दिए।

सरकारका प्रवक्ता एवम् शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री कुमार खड्काले सरकार गठनको छोटो समयमा नीति कार्यक्रम र बजेट ल्याइएको बताउँदै प्रदेश सभा सञ्चालन गरेर बजेट माथि छलफल शुरु गरिने जानकारी दिए। उनले भने, "हामीले सबै डकुमेन्ट तयार गरिसकेका छौं, अब सदन बोलाएर बजेटमाथिको छलफल शुरु गरी असार ३० गते निर्णयार्थ पेश गर्ने तयारीमा छौं।"

सरकारले लोककल्याणकारी कामका लागि बजेट रकमान्तर गरेपनि बजेट दुरुपयोग नहोस् भन्नेमा सचेत रहेको भन्दै सम्बन्धित मन्त्रालय एवम् कार्यालयका प्रमुखलाई नियमभन्दा बाहिर नजान निर्देशन दिइएको उनले स्पष्ट पारे।

मन्त्रिपरिषद्ले हालै गरेका निर्णयका बारेमा जानकारी दिँदै प्रवक्ता खड्काले मन्त्रिपरिषद्का सदस्य र सचिवहरूको आवास व्यवस्थापनका लागि मापदण्ड तय गर्न भौतिक पूर्वाधार मन्त्रालयको शहरी विकास शाखालाई दिने निर्णय गरेको जानकारी दिए।

यसैगरी प्रदेश सरकारले खरीद गर्ने सवारी साधनमा एकरुपता कायम गर्दै मितव्ययीतता अपनाउने र मूल्य एवम् क्षमतामा एकरुपता ल्याउने निर्णय गरिएको उनले जानकारी दिए। मन्त्रिपरिषद् बैठकले विपद् व्यवस्थापन र द्रुतप्रतिकार्यका लागि स्वास्थ्यमन्त्री मधुमाया अधिकारीको संयोजकत्वमा 'टास्क फोर्स' गठन गर्ने निर्णय गरेको छ। सो समितिमा विनाविभागीय मन्त्रीद्वय हरिशरण आचार्य र दीपक मनाङे, कानून सचिव सदस्य तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव रामेश्वर अर्याल सदस्य सचिव रहेका छन्। मुख्यमन्त्रीको राजनीतिक सल्लाहकारमा नवलपरासी पुलिङटार गाउँपालिका-३ निवासी खड्गबहादुर कुमाललाई नियुक्त गरिएको प्रवक्ता खड्काले जानकारी दिए। यसैगरी मुख्यमन्त्रीको प्रेस संयोजकमा पुतलीबजार नगरपालिका-१३ स्याङ्जा निवासी भरत कोइरालालाई नियुक्त गरिएको छ। मन्त्रिपरिषद्ले स्वास्थ्य निर्देशनालयको निर्देशकमा डा खिमबहादुर खड्कालाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता खड्काले जानकारी दिए।

## आर्थिक रुपान्तरणमा महिला सहभागिता आवश्यक: प्रदेश प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असार**

गण्डकी प्रदेशका प्रदेश प्रमुख सीताकुमारी पौडेलले महिला सहभागिताबाट मात्र आर्थिक रुपान्तरण सम्भव हुने बताएकी थिइन।



पोखराका महिला पर्यटन व्यवसायी मञ्च(ओटेफ)का टोलीसँगको भेटघाट कार्यक्रममा उनले पोखरा प्रसिद्ध पर्यटकीय नगरी भएको जनाउँदै यसको दिगो विकास लागि महिला पर्यटन व्यवसायीको सहभागिता पनि अपरिहार्य रहेको जनाइन। उनले गण्डकी प्रदेश पर्यटनको लागि उत्कृष्ट गन्तब्य भएकाले प्राकृतिक, सांस्कृतिक र सामाजिक पक्षलाई उचित व्यवस्थापन गर्दै जनसहभागितामूलक र दिगो विकासकाका लागि नयाँ सोचको आवश्यकता औल्याइन। पर्यटन क्षेत्रमा महिला संगठित भएर अगाडि बढ्नु निकै सकारात्मक र उदाहरणीय भएको जनाउँदै महिलाको श्रमको मूल्याकंन नभएसम्म महिला सशक्तिकरण सम्भव नहुने धारणा राखिन। "महिला विहानदेखि बेलुकासम्म श्रममा खटिन्छन्, तर श्रमको मूल्याङ्कन हुनसकेको छैन, श्रमको मूल्याङ्कन नभएसम्म महिलाको सम्मान पनि हुँदैन" उनले भनिन्। उनले पछिल्लो समय हरेक क्षेत्रमा महिला सशक्त भएर अघि बढेपनि कार्यकारी र नेतृत्व तहमा महिलाको सहभागिता अझै न्यून रहेको बताइन। एकतामा नै शक्ति हुने भएकाले पर्यटन क्षेत्रका साझा समस्या समाधानका लागि पनि संगठिन र एकिकृत आवाज लिएर अघि बढ्न उनले सुझाव दिइन। प्रदेशको राजधानी पोखराको पर्यटन विकासका लागि आफ्नो तर्फबाट पनि पहल गर्ने बताइन।भेटघाट कार्यक्रममा संस्थाका अध्यक्ष पार्वती पाण्डेले कोभिड १९ ले पर्यटन क्षेत्रममा पारेको प्रभाव, मौद्रिक नीतिको कार्यन्वयनमा देखिएको जटिलटा र खोप सुनिश्चिता नभएसम्म व्यवसाय सञ्चालन गर्न सहज नभएको विषयमा जानकारी गराएकी थिइन। संस्थाका संस्थापक अध्यक्ष जमुना पराजुली संस्था स्थापनाको उद्देश्य र संस्थागत रुपमा गरेका कार्यहरुको बारेमा प्रदेश प्रमुखलाई जानकारी गराएकी थिइन।

संस्थाका सल्लाहकार देवका पहारी, दुर्गा ढकाल, नर्मला कँडेल, उपाध्यक्ष उमा भण्डारी, सदस्य शर्मिला न्यौपाने लगायतले पर्यटन क्षेत्रमा महिला सहभागिताको अवस्था, व्यवसाय सञ्चालनमा कठिनाइ, बैंक तथा वित्तिय संस्थाबाट महिलाले कर्जा लिन भोग्नु परेका झञ्झट लगायतका विषयमा जानकारी गराएका थिए।

## मनसुनी वायुको प्रभाव: अझै तीन दिन वर्षा

**रासस**
**काठमाडौं, २२ असार**

मनसुनी वायुको प्रभावले हाल मुलुकका विभिन्न स्थानमा बदली र वर्षा भइरहेको छ।

हाल प्रदेश नं २ र वाग्मतीमा आंशिकदेखि सामान्य बदली र बाँकी प्रदेशमा सामान्यदेखि पूर्ण बदली तथा १, वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ। काठमाडौं उपत्यकामा बिहानपख मौसम खुले पनि अहिले आंशिक रूपमा बदली छ। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार अहिले कर्णाली तथा सुदूरपश्चिममा आंशिकदेखि सामान्य बदली रही देशका बाँकी भूभागमा सामान्यदेखि बदली रहनेछ। प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनीका केही स्थान तथा कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। राति देशका अधिकाश भूभागमा बदली रहनाका साथै प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनीका थोरै स्थानमा तथा कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। प्रदेश नं १ का एकदुई स्थानमा मेघ गर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना छ। बुधबार पनि देशका अधिकांश भूभागमा सामान्यदेखि पूर्ण बदली रहनेछ। प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनीका केही स्थान तथा कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। प्रदेश नं १, २, वाग्मती र गण्डकीका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना छ।

## नेता कुँवरको अन्त्येष्टि, कास्की काँग्रेसद्वारा दुःख व्यक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असार**

नेपाली काँग्रेस कास्कीले काँग्रेसका नेता रामजी कुँवरको निधन भएकोमा दुःख व्यक्त गरेको छ।

कास्की काँग्रेसका सभापति कृष्ण केसीले मङ्गलबार शोक विज्ञप्ति प्रकाशित गरी उनको निधनले पार्टीमा अपुरणीय क्षति पुगेको उल्लेख गरेका छन्।

विज्ञप्तिमा उहाँले आफ्नो जीवनकालमा प्रजातन्त्र, ट्रेड युनियन आन्दोलनमा पुऱ्याउनु भएको योगदानको उच्च सम्मान व्यक्त गर्दै सदैव स्मरणीय रहने जनाउनु भएको छ। विज्ञप्तिमा कुँवरलाई निष्ठावान र इमान्दार नेताका रुपमा स्मरण गरिएको छ। विज्ञप्तिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै नेपाली काँग्रेस कास्की उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ भनिएको छ। साथै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरिएको छ। काठमाण्डौंको शिक्षण अस्पतालमा उपचारका क्रममा उहाँको सोमबार निधन भएको थियो। उहाँको पार्थिव शरीर मङ्गबार बिहान श्रद्धाञ्जलीका लागि काठमाण्डौंको अनामनगरस्थित नेपाल ट्रेड युनियनको केन्द्रीय कार्यालयमा राखिएको थियो।

नेपाली काँग्रेसका महामन्त्री डा शशांक कोइराला, केन्द्रीय सदस्यहरु प्रकाशमान सिंह, अर्जुन नरसिंह केसी, डा मिनेन्द्र रिजाल, गगन थापा र दीपक गिरी लगायतले श्रद्धाञ्जली अर्पण गरेको कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देलले जानकारी दिए। त्यहाँ काँग्रेसका नेता, ट्रेड युनियनका नेता तथा शुभेच्छुकहरु पनि पुगेर श्रद्धाञ्जली अर्पण गरेका थिए। उनको निधन लगत्तै कास्की काँग्रेसका सभापति कृष्ण केसीको नेतृत्वमा उपसभापति आइ बहादुर गुरुङ, सचिव सुदिपमोहन भट्टराई, देवेन्द्र रानाभाट, कोषाध्यक्ष लक्ष्मी पाण्डे, प्रवक्ता नवीन सिग्देल शिक्षण अस्पताल पुग्नु भएको थियो। उनको पार्थिव शरीर मङ्गलबार पोखरा ल्याएर शवयात्रापछि पोखराको शान्तिघाटस्थित सेती नदी किनारमा अन्त्येष्टि गरिएको छ।

अन्त्येष्टि अघि नेपाली काँग्रेसका केन्द्रीय सदस्य अर्जुन नरसिंह केसी, गगन थापा, नेता शुक्रराज शर्माले पार्टीको चार तारे झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए। नेपाली काँग्रेसका पूर्व आमन्त्रित केन्द्रीय सदस्य रहनु भएका नेता कुँवर हाल नेपाल ट्रेड युनियन काँग्रेसको सल्लाहकार रहेका थिए। नेपाली काँग्रेस महासमिति सदस्य रहनु भएका नेता कुँवर पछिल्लो पटक स्थानीय तह पोखरा महानगरपालिकाको निर्वाचनमा प्रमुखको प्रत्यासी थिए।



# मुख्यमन्त्रीको राजनीतिक सल्लाहकारमा खड्गबहादुर कमाल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको राजनीतिक सल्लाहकारमा खड्गबहादुर कमाल(कुमाल) नियुक्त भएका छन् । नवलपुर बुलिङटारका कमाललाई गत आइतबारको मन्त्रिपरिषद बैठकले राजनीतिक सल्लाहकारमा नियुक्त



गर्ने निर्णय गरेको छ । लामो समय शिक्षा क्षेत्रको क्रियाशील कमाल क्षेत्रीय शिक्षा निर्देशकबाट अवकाशप्राप्त हुन् । अवकाशपछि उनी राजनीतिमा सक्रिय छन् । त्रिभुवन विश्वविद्यालयबाट शिक्षामा स्नातकोत्तर गरेका उनले काठमाडौं विश्वविद्यालयबाट एमफिल गरेका छन् । मुख्यमन्त्रीले ५ जनासम्म विज्ञ नियुक्त गर्न पाउने प्रावधान छ । राजनीतिक सल्लाहकारले प्रदेश राज्यमन्त्री सरह सुविधा पाउने नियम छ ।

# सिर्जना चौतारीको वृक्षारोपण कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असार**

पोखरा महानगरपालिका वडा नम्बर ३२ लामेआहालमा रहेको राधाकृष्ण मन्दिर एवं गुरुकुल संस्कृत विद्यालयको प्राङ्गणमा वृक्षारोपण गरिएको छ।

लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीको आयोजनामा यो कार्यक्रम गरिएको हो । कार्यक्रममा कागती, आँप, लिची, बेलौती नासपती, रुद्राक्ष र अशोका लगायतका विभिन्न बिरुवा रोपिएको क्लबका अध्यक्ष कृष्णबहादुर कार्कीले जानकारी दिए । लायन्स क्लब अफ ३२५ बि १ नेपालका डिष्ट्रिक ट्रि प्लान्टेसन डिपार्टमेन्ट चिफ बसन्त गिरीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा डिष्ट्रिक सिनियर एडभाइजर बालकृष्ण बराल, डिष्ट्रिक मोडल भिलेज डिपार्टमेन्ट चिफ जित बहादुर थापा गोपाल, डिष्ट्रिक पिआरओ




राजु बराल, लायन्स क्लब अफ उन्नती चौतारीका प्रथम उपाध्यक्ष मोहनराज आचार्य, राधाकृष्ण मन्दिर तथा गुरुकुल संस्कृत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गणेश केसि, सचिव घश्याम खनाल, सदस्य रामचन्द्र सिग्देल, प्रधानध्यापक केशबराज पौडेल, लायन्स क्लब अफ सिर्जना चौतारीका प्रथम उपाधक्ष जनक बहादुर कार्की, द्वितिय उपाध्यक्ष दिपक तिमिल्सिना, तृतिय उपाध्यक्ष उमापति ढकाल, सचिब शान्ति सिग्देल, कोषाध्यक्ष ऋषिराम पौडेल लगायतको सहभागीता रहेको अध्यक्ष कार्कीले बताए।

पवित्र ठाउँमा वृक्षारोपण कार्यक्रम गरेर क्लबले सरानिय कार्य गरेको सहभागीको प्रतिक्रिया रहेको थियो । रोपेका बिरुवाको गोडमेल तथा उचित संरक्षण आवश्यक पर्नेमा उनीहरुको जोड थियो।

# नि:शुल्क रुपमा विद्युत् उपभोग गर्न पाएपछि स्थानीयवासी उत्साहित

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २२ असार**

कालीगण्डकी गाउँपालिका र नेपाल विद्युत् प्राधिकरणबीच सम्भौता भएको छ।

यहाँका बासिन्दाको न्यूनतम विद्युत् महसुल तिरिदिने निर्णय गरेसँगै गाउँपालिका र विद्युत् प्राधिकरणबीच सम्भौता भएको हो। सम्भौता अनुसार गाउँपालिकाले यहाँका चार हजार ५४७ घरधुरीको न्यूनतम विद्युत् महसुलबापत रु चार लाख १० हजार उपलब्ध गराएको विद्युत् प्राधिकरण स्याङ्जाका प्रमुख दिलिप मरासिनीले जानकारी दिए । वैशाख, जेठ र असार महिनाको प्रत्येक ग्राहकको मासिक रु ३० का दरले पहिलो किस्ता प्राधिकरणमा जम्मा भएको र प्रत्येक ६/६ महिनामा



गाउँपालिकाले प्राधिकरणलाई रकम उपलब्ध गराउने सहमति भएको प्राधिकरणका लेखाप्रमुख विष्णुप्रसाद न्यौपानेले जानकारी दिए । गाउँपालिकाले स्थानीयवासीलाई विद्युत् उपभोग गर्न कुनै समस्या नहोस् भनेर उज्यालो गाउँपालिका अभियानअन्तर्गत न्यूनतम विद्युत् महसुल तिरिदिएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताए । नि:शुल्क रुपमा विद्युत् उपभोग गर्न पाएपछि स्थानीयवासी उत्साहित छन् ।

# संविधान त्रुटिपूर्ण छ : दाहाल

**रासस**
**काठमाडौं, २२ असार**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधिसभा पुनःस्थापना हुने विश्वास व्यक्त गरेका छन्।

धनुषा निवासी माओवादी केन्द्रका केन्द्रीय सदस्य महादेव यादवका निधनमा श्रद्धाञ्जलि दिन मंगलबार जनकपुरधाम गएका अध्यक्ष दाहालले संविधान त्रुटिपूर्ण रहेको स्वीकार्दै यसको संशोधनका पक्षमा आफू रहेको स्पष्ट पारे । उनले प्रदेश नं २ को नाम मधेश रहनुपर्ने पनि बताए।


प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दा हाल सर्वोच्च अदालतमा विचाराधीन छ । पक्ष, विपक्ष र एमिकस क्युरीको बहस सकिएपछि मुद्दा हेदर्हिमा राखेर अर्को पेशी असार २८ गतेका लागि तोकिएको छ। अध्यक्ष दाहालले दिवङ्गत पार्टी केन्द्रीय सदस्य यादवका पार्थिव शरीरमा दलको भण्डा ओढाएर श्रद्धाञ्जलि अर्पण गरे । धनुषाको शहीदनगर नगरपालिका-१ बालाबाखरका नेता यादव लामो समयदेखि अर्बुदरोगबाट पीडित रहेका थिए । उनी जनयुद्धका बेलादेखि नै माओवादीमा सक्रिय रहेका थिए।

# दुर्घटनामा परी मृत्यु

**रासस**
**दमौली, २२ असार**

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटमा मंगलबार भएको दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु भएको छ । आँबुखैरेनीबाट डुम्रेतर्फ आउँदै गरेको ना६ख ६११८ नम्बरको ट्रक र विपरीत दिशाबाट जाँदै गरेको लु८प ८३५३ नम्बरको मोटरसाइकल ठोक्किदा मोटरसाइकल चालकको मृत्यु भएको हो।

मृत्यु हुनेमा मार्कीचोक बस्ने ३१ वर्षीय दुर्गा भुजेल रहेको प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिए । दुर्घटनामा मोटरसाइकलमा सवार १७ वर्षीय साजन भुजेल घाइते भएका छन् । घाइतेको आँबुखैरेनीस्थित हाइजोनी अस्पतालमा उपचार भइरहेको छ । ट्रक चालक प्रहरी नियन्त्रणमा छन् । मृतक भुजेलको शव परीक्षणका लागि दमौली अस्पताल ल्याइएको छ।



पुम्दिकोटबाट देखिएको पोखराः पोखरा महानगरपालिका -२२ पुम्दिकोटबाट देखिएको पोखराको घना बस्ती। तस्बिरः राधिका कँडेल/रासस

# तेश्रो पटक पनि सहारा एकेडेमीका फुटवल प्रशिक्षकमा हुमागाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असार**

फुटबल प्रशिक्षक प्रदिप हुमागाईले सहारा क्लब पोखरा द्वारा सञ्चालित सहारा एकेडेमीमा तेश्रो पटक आएका छन्।

एकेडेमीलाई मन्दिरको रुपमा मान्ने गरेका हुमागाई मंगलबार एकेडेमी मै पुगेर एक सय डलर (नेपाली करिब ११ हजार रुपैया) एकेडेमीको लागि आर्थिक सहयोग समेत गरेका हुन् । 'स्पेशल डे' का रुपमा रहेकोको एकेडेमीमा हरेक बर्ष आउने गरेको बताएका उनले आगामी दिनमा समेत सहारा एकेडेमीमा आफुले सक्दो सहयोग गर्ने वचन दिए । स्पेशल डे के हो भन्ने बिषयमा उनले अफै खुलाएका छैनन् ।

थ्रि स्टार क्लवको प्रशिक्षक सहित विदेशमा समेत प्रशिक्षण गराएको अनुभव रहेका हुमागाईले वालबालिकाहरुलाई राम्रो प्रशिक्षण गर्न सके भविश्यमा राम्रा खेलाडी उत्पादन गर्न सकिने दाबी गरे । सहारा क्लव पोखराका अध्यक्ष केशव वहादुर थापाले हुमागाईलाई हरेक बर्ष सहयोग गर्न आएकोमा धन्यवाद दिएका छन् । सहारा एकेडेमीमा १४ जिल्लाका २५ जना विपन्न तथा कठिन परिस्थितीका बालकहरु आश्रित रहेका छन ।




# थप दुई हजार ६३४ संक्रमण पुष्टि, १५ को मृत्यु

**रासस**
**काठमाडौं, २२ असार**


नेपालमा थप दुई हजार ६३४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या छ लाख ८७ हजार १९५ पुगेको छ।

थप सात हजार ५०३ जनाको पिसिआर परीक्षण तथा पाँच हजार ८२ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो । पिसिआर विधिबाट एक हजार ७१८ तथा एन्टिजेनबाट ९१६ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । हालसम्म छ लाख १२ हजार ९९४ जना कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर एक हजार ५६५ सङ्क्रमित निको भएर घर फर्किएका छन्।

काठमाडौं उपत्यकामा पछिल्लो समय ४९९ सङ्क्रमित थपिएका छन्। काठमाडौंमा ३६५, ललितपुरमा १०५ तथा भक्तपुरमा २९ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

पछिल्लो समय नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट थप १५ सङ्क्रमितको मृत्यु भएको छ । योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या नौ हजार २६३ पुगेको मन्त्रालयले जनाएको छ।

कपालको उपचार
कपाल भर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल भरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित भरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर भरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको सययमा चाँया पर्ने, कपाल भर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल भरेको कारणले भुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग भर्ने, दाढी भर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिन्छु ।

- जर्ज बार्बर

## सम्पादकीय

# सार्वजनिक यातायातको नियमन गर

कोरोना संक्रमण नघट्दै सार्वजनिक यातायात संचालनमा आएका छन । निजी सवारी साधनले सवारी चाप बढेको बेला सार्वजनिक यातायात संचालनमा आएदेखि काठमाडौं फेरि अस्तव्यस्त देखिन्छ । अहिले सडकमा सवारीको चाप बढेको छ । दैनिक जीवनयापनमा समस्या आउन थालेपछि सरकारले नाम मात्रको निषेधाज्ञा जारी गरेको छ । खोपको लागि चीनसंग सम्भौता गरेको हुँदा खुकुलो अवस्था बनाउन सरकारले यस्तो निर्णय लिन तयार भएको हो । रोगबाट भन्दा भोक र शोकका कारण निषेधाज्ञा खुकुलो बनाएको हो । आर्थिक समस्याले गर्दा सरकार जनस्वास्थ्यविदको सुझावलाई वेवास्ता गर्न पुगेको छ । नाम मात्रको निषेधाज्ञा कायमै रहँदा कोरोना निको हुने भन्दा संक्रमितको संख्या हजार भन्दा बढी रहेको छ ।

भाइरोलोजिष्टले, अहिले कोरोना संक्रमणको 'चेन ब्रेक' भएको छैनभन्दै आएका छन । संक्रमणको जोखिम कायमै छ 'संक्रमणको जोखिम हटेको छैन । सार्वजनिक सवारीसाधन प्रयोग गर्दा र बाहिर निस्कँदा भन बढी सतर्कता अपनाउनै पर्छ ।' काठमाण्डौ लगायत विभिन्न शहरमा देखिएको चहलपहल बढेको देख्दा सामान्य अवस्थामा आएको जस्तो लाग्छा काठमाडौं भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीको बैठकले गरेको निर्णयसँगै जनजीवन सामान्य बनेको छ । काठमाडौंको सिको गेरर अन्य जिल्लामा पनि नाम मात्रको निषेधाज्ञा छ । सबैलाई खुसी बनाउन गरिएको निर्माण संक्रमण फैलिन सहयोगी नहोला भन्न सकिन्न । खुला प्रणालीका आधारमा सार्वजनिक यातायात चल्न दिंदा जनस्वास्थ्यका मापदण्ड पालना हुने छाँट देखिदैन । नियामक निकायले चालक, सहचालक र यात्रुले अनिवार्य स्वास्थ्य मापदण्ड पालना गराउन सक्छ कि सक्दैनन् अहं प्रश्न हो ।

लामो समय बन्द भएर घाटा व्होरिरहेका सार्वजनिक यातायातले स्वास्थ्य मापदण्ड पालना नगरी यात्रु कोच्ने संभावना रहेको छ । विगतमा 'बसका सिटमा भौतिक दूरी कायम नरहेको, प्रत्येक सिटमा सेनिटाइजर नगरिएको तीतो यथार्थ छ । यसलाई कडाइका साथ अनुगमन गर्ने हो भने निषेधाज्ञा खुकुलो गेरर जनतालेसहजरूपमा लिन्छन् ।' निषेधाज्ञाको आदेशमा खाद्यान्न, दूध तथा दुग्धजन्य पदार्थ, फलफूल, तरकारी, माछा, मासु, पूजा सामग्री पसल, खेलकुद सामग्री पसल र स्टेसनरी पसल खुल्ने उल्लेख छ । यसअघि सरकारले असार १७ गतेदेखि आन्तरिक हवाई उडान पनि खोल्ने निर्णय गरिसकेको छ । सबै क्षेत्र खुला हुँदा संक्रमण बढ्न सक्छ भनेर जनतालाई सचेत पार्न सक्नुपर्छ ।

'संक्रमणको पहिलो र दोस्रो लहरबीचको अवधि जस्तो पनि छैन । दुई हजार पाँच सयको हाराहारीमा त अहिले पनि नयाँ संक्रमित भेटिएकै छन् । चेन ब्रेक भइहालेको भनि यकिन गर्न नसकिने विज्ञका सुझावलाई हल्का रुपमा लिने भुल गर्नु हुँदैन । कोरोना भाइरस संक्रमण फैलिने कारणमा राजनीतिक दल, नागरिक समाज र हाम्रा चाडपर्व पनि हुनाराजनीतिक दलले संक्रमण फैलिएर केही असर पार्दैन सत्ता पाइएन वा गुमे सर्वनास हुन्छ भन्ने मानशिकता देखिन्छ । विघटित प्रतिनिधि सभा पुनर्स्थापना र प्रधानमन्त्री केपी शर्मा ओलीको विस्थापन माग गर्दै दल निकट विद्यार्थी संगठनहरूले सडक आन्दोलनसमेत गर्दै आएका छन् । यसले पनि संक्रमणको जोखिम भन् बढाएको विज्ञहरूको भनाइ छा सरकारलाई संक्रमण फैलन नदिन सघाउनु पर्ने बेला उल्टै सडक आन्दोलन गर्नु विडम्बना हो । सत्तारुढ एवं विपक्षी दलका गुटगत भेलाले पनि संक्रमणको जोखिम बढाएको हो । २५ जनाभन्दा बढी भेला हुन नपाउने प्रोटोकल दलहरू उल्लंघन गरिरहेका छन् ।, 'सडक प्रदर्शन बढ्दै गए संक्रमणको तेस्रो लहरलाई निमन्त्रणा दिए सरह हुनेछ ।'

संक्रमितहरूमध्ये कतिपय आइसोलेसनमा छन् । आइसोलेसनमा बस्दा वाक्क लाग्यो भन्दै सडकमा ओर्लिने संभावना पनि उत्तिकै छ । 'आइसोलेसनको अनुगमन भएकै छैन । मान्छेहरू जथाभावि हिंड्न थालिसकेका छन् । आइसोलेसनमा इमानदारीपूर्वक नबस्ने व्यक्तिबाट हुन सक्ने संक्रमणको जोखिम छ ।'यस्तो अवस्था जान्दाजान्दै सडक आन्दोलन गर्नु गैरजिम्मेवारीपन हो । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. कृष्णप्रसाद पौडेलका अनुसार, कोरोना संक्रमण तुलनात्मक रूपमा घटे पनि जोखिम हटेको छैन । उनले भने, 'निषेधाज्ञा खुकुलो भए पनि संक्रमणको जोखिम उत्तिकै छ । काम नपरी घर बाहिर निस्कनु हुँदैन । अत्यावश्यक काममा निक्लनै परे स्वास्थ्य मन्त्रालयले बनाएको मापदण्ड अनुसार चल्न सकेमा संक्रमणबाट जोगिन सकिन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सत्कार मिल्नेछ | तुला | भमेला बढ्ने |
| वृष | शत्रुको भय | वृश्चिक | मन चञ्चल |
| मिथुन | मानसिक तनाब | धनु | ब्यापारमा लाभ |
| कर्कट | आर्थिक समस्या | मकर | शारीरिक भमेला |
| सिंह | कार्यमा सफलता | कुम्भ | सम्मान मिल्नेछ |
| कन्या | अप्रत्यसित लाभ | मीन | सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# मुहार फेर्दै शहीद उद्यान

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ असार**

पछिल्ला वर्षमा शहीदका सपनाजस्तै अस्तव्यस्त भएको बागलुङको शहीद उद्यान (पार्क)ले क्रमशः मुहार फेर्न थालेको छ । बागलुङनगरपालिकाको पहलमा बागलुङको रामरेखाबाट पाङ अदुवाबारी जोड्ने ५६७ मिटर लामो कालीगण्डकी नदीमाथि भोलुङ्गे पुल निर्माण भएसँगै ओफेल र अस्तव्यस्त अवस्थामा पुगेको शहीद उद्यान पुनः व्यवस्थित गर्न थालिएको छ ।

अहिले शहीद उद्यान हुँदै लामो भोलुङ्गे पुल हेर्न पर्यटकको सङ्ख्या वृद्धि भएसँगै आगन्तुकलाई केही समय रम्ने रमाउने गरेर उद्यानको सौन्दर्य बढाउने काम भइरहेको नगरपालिकाले जनाएको छ । बागलुङको प्रवेशद्वार, कालिका भगवती मन्दिर तथा लामो पुलसँगै रहेको शहीद उद्यान पछिल्लो समय उपेक्षामा पर्दा स्थानीयवासीले शहीदका सपनाजस्तै पार्कसमेत अस्तव्यस्त भएको गुनासो गर्दै आएका छन् । नगरपालिकाले भने पुल निर्माण गर्दा पार्क अव्यवस्थित बन्न पुगेको बताउँदै आएको थियो । पुललाई पर्यटकको आकर्षणको केन्द्र बनाएर बागलुङमा पर्यटक भित्र्याउने लक्ष्य शहीद पार्कलाई आकर्षक र व्यवस्थित बनाइनेछ । पार्क व्यवस्थापनमा हालसम्म भण्डै रु तीन करोड खर्च भइसकेको छ । यो पर्यटकको आकर्षणको केन्द्रसमेत बन्ने सम्भावना बोकेको स्थानमा भएकाले यसको यथोचित व्यवस्थापन अपरिहार्य भएको स्थानीयवासी राजु बोहोराले बताउनुभयो । पुल निर्माणअघि प्रभु बैंकले रु ४० लाख लगानी गरेको उद्यानमा अहिले वन विभाग तथा बागलुङनगरपालिकाको साभेदारीमा दुबो लगाउने, बिरुवा रोप्ने तथा केही भौतिक पूर्वाधारको समेत काम भइरहेको नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । वन विभागको ८० प्रतिशत र नगरपालिकाको २० प्रतिशत साभेदारीमा रु ४० लाख लागतमा उद्यानको काम भइरहेको छ । अहिले उद्यानको मुहारै फेरिन थालेको छ । शहीदसँगै रहेको पानी पोखरीमा पानीको फोहोरा राख्नेसमेत नगरपालिकाको योजना छ । "उद्यान घाँसले भरियो, शहीदका शालिक तोडफोड भए भन्ने धेरैको गुनासो थियो, पुल निर्माण गर्दा उद्यानमा केही क्षतिसमेत भएकाले उद्यान व्यवस्थित गर्नैपर्ने भएको थियो", नगरप्रमुख पौडेलले भन्नुभयो, "जिल्लाकै ठूलो र नमूना शहीद उद्यानलाई असार मसान्तभित्रै सुन्दर बनाउने गरी काम भइरहेको छ ।" शहीद उद्यानमा रहेको पोखरीमा टायल लगाउने, शहीदहरूको शालिक राखिएको स्तम्भ मर्मतसम्भार गर्ने, पर्खाल मर्मत गर्ने, दुबो लगाउनेजस्ता काम अहिले धमाधम भइरहेको छ । उद्यानमा शहीदका शालिकसँगै बालबालिकालाई खेल्नका लागि चिप्लेटी, पिङ, युवायुवती, प्रौढ र वृद्धवृद्धा बस्नका लागि कुर्ची, विश्रामस्थल लगायतका संरचना छन् । बागलुङ बजारभित्रको ऐश्वर्य उद्यानसमेत आगामी दिनमा आकर्षक र व्यवस्थित बनाउने नगरपालिकाको योजना छ ।

विसं २०५७ मा निर्माण गरिएको उद्यानमा २००७ सालको क्रान्तिमा शहादत प्राप्त गरेका बागलुङका शहीद धीरबम मल्लसहित धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, शुक्रराज शास्त्री र दशरथ चन्दको शालिक छ । यद्यपि यसको यथोचित संरक्षण नहुँदा शालिक तोडफोड हुँदै आएको छ । त्यसैले अब उद्यान व्यवस्थित गरेसँगै नगरपालिकाले हेरालुसमेत राख्ने योजना बनाएको छ । उक्त उद्यान २९ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

# मध्यपहाडी राजमार्ग अवरुद्ध

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ असार**

निरन्तरको वर्षातका कारण मध्यपहाडी(पुष्पलाल) राजमार्गको बागलुङ खण्ड अवरुद्ध भएको छ ।

राजमार्गको बागलुङखण्ड अन्तर्गत बागलुङ नगरपालिका–३ बोक्से, काठेखोला गाउँपालिकाको अछेतामाथिको सुन्तली घुम्ती र बयलडाँडामा राति खसेको पहिराले सडक अवरुद्ध भएको हो ।

दुई स्थानमा पहिरो खसेको तथा बोक्सेमा भलसहित लेदो आएर सडक अवरुद्ध भएको राजमार्ग आयोजना कार्यालयका इञ्जिनीयर उज्ज्वल शर्माले जानकारी दिनुभयो । निरन्तरको वर्षातपछि पहिरो खसेर अवरुद्ध भएको सडक खुलाउनका लागि आवश्यक उपकरण तीन स्थानमै खटाइएको छ ।

मंगलबार अपराह्नसम्म सडक खुलाउने लक्ष्य छ । वर्षातका कारण अर्को आष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर र बागलुङ–बलेवा जाने सडकसमेत अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इकवाल हवारीले जानकारी दिनुभयो ।

बागलुङपोखरा सडकअन्तर्गत पर्वतको सहस्रधारामा समेत पहिरो खसेपछि राजमार्गको सडक अवरुद्ध भएको र यात्रु अलपत्र परेका छन् ।

# नासों गाउँपालिका–५ का वडाध्यक्षको निधन

**रासस**
**मनाङ, २२ असार**

नासों गाउँपालिका–५ थोंचेका वडाध्यक्ष छिरिङ ग्याल्पो पुनेलको सोमबार निधन भएको छ । पचास वर्षीय पुनेलको हृदयाघातका कारण निधन भएको हो । नेपाली काँग्रेसबाट निर्वाचित भई गाउँपालिकाका प्रवक्ता रहनुभएका उहाँको उपचारका क्रममा जिल्ला अस्पताल लमजुङमा अपराह्न निधन भएको अस्पतालले जनाएको छ ।

आर्थिक वर्षको अन्त्य, योजना छनोट, नीति तथा कार्यक्रम निर्माण, बजेट निर्माणका लागि असार पहिलो साता उहाँ काठमाडौं गएर आइतबार मात्रै बेंसीशहर फर्किनुभएको थियो । गाउँपालिकाका अध्यक्ष चन्द्र घलेका अनुसार सोमबार बिहान खाना पनि नखाई बेंसीशहरको होटेलमा बस्नुभएका उहाँ हृदयघातका कारण ढलेपछि उपचारका लागि जिल्ला अस्पताल पुऱ्याइएको थियो । उपचारका लागि १० बजेर ५० मिनेटमा जिल्ला अस्पताल पुऱ्याइएकामा उपचारका क्रममा मध्याह्न १२ बजेतिर उहाँको निधन भएको अस्पतालका प्रशासक हेमन्त श्रेष्ठले बताउनुभयो ।

# नेपाल एग्रोको पाँचौं वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असार**

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १८ मा केन्द्रीय कार्यालय रही १० जिल्ला कार्यक्षेत्र भएको नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँचौं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन सञ्चालक समितिका अध्यक्ष रमेश कुमार कर्माचार्यले गरेका थिए । उक्त साधारण सभाले चुक्ता पुँजीको १४ प्रतिशतले हुने बोनश शेयर वितरण गर्नुका साथै नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडलाई इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले गर्ने प्राप्ति लगायत अन्य प्रस्तावहरु सर्वसम्मतीले पारीत गरेको संस्थाका निमित्त प्रमुख कार्यकारी अधिकृत नयन देवकोटाले बताए । कार्यक्रममा अध्यक्ष कर्माचार्यले संस्था स्थापनाको उद्देश्यमाथि प्रकाश पार्दै सञ्चालक समितिकोतर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । वार्षिक साधारण सभाकोअवसरमा वित्तीय संस्थाको सञ्चालक समितिमा रही योगदान गरेका सञ्चालकहरु रमेश कुमार कर्माचार्य, नीलकण्ठ शर्मा लम्साल, विनीता कोइरालार विवेक श्रेष्ठलाई कार्यको उच्च मूल्याङ्कन गर्दै संस्थालेकदरपत्र सहित सम्मान गरेको बताइएको छ ।

संस्थाले आगामी चार वर्षका लागि संस्थापक शेयरधनीका तर्फबाट सञ्चालक समितिमा रमेश कुमार कर्माचार्य, नीलकण्ठ शर्मा लम्साल, विनीता कोइराला विवेक श्रेष्ठलाई साधारणसभाले निर्विरोध निर्वाचित गरेको निर्वाचन अधिकृत अधिवक्ता कृष्णप्रसाद चापागाईंले बताए । सभाको पहिलो सत्र संस्थाका आइटी प्रमुख रमेश बस्यालले सञ्चालन गरेको कार्यक्रममा संस्थाका निमित्त प्रमुख कार्यकारी अधिकृत नयन देवकोटाले वित्तीय संस्थाको विद्यमान अवस्थाबारे जानकारी दिँदै साधारणसभामा उपस्थित शेयरधनी सदस्यहरुलाई स्वागत मन्तव्य राखेका थिए ।

कार्यक्रमको पहिलो सत्रकोसञ्चालन संस्थाका आइटी प्रमुख रमेश बस्यालले गरेका थिए भने कार्यक्रमको बन्द सत्रको सञ्चालन संस्थाका कम्पनी सचिव दीपक पराजुली गरेका थिए ।

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १८ मा केन्द्रीय कार्यालय रही १० जिल्ला कार्यक्षेत्र भएको नेपाल एग्रो लघुवित्त वित्तीय संस्थाले२०७३ बाट प्रथम कारोबार प्रारम्भ गरेकोमा हाल १० वटा जिल्लामा २६ वटा शाखा कार्यालयहरु मार्फत ग्रामिण क्षेत्रका २१,००० भन्दा बढि सदस्यहरुलाई वित्तीय सेवा प्रदान गरीहेको कम्पनी सचिव पराजुलीले जानकारी दिए ।

# तनहुँमा ५० प्रतिशत रोपाइँ

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असार**

असार तेस्रो सातासम्म तनहुँमा ५० प्रतिशत भूभागमा रोपाइँ सकिएको छ । यस वर्ष समयमै वर्षा भएकाले अघिल्लो वर्षको तुलनामा यसपटक छिटो रोपाइँ शुरु भएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । अघिल्लो वर्ष यही समयसम्म जिल्लामा १८ प्रतिशत भूभागमा मात्रै रोपाइँ भएको थियो । केन्द्रका प्रमुख कुलप्रसाद तिवारीका अनुसार जिल्लामा ११ हजार ५०० हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ । त्यसमध्ये दुई हजार ५०० हेक्टर क्षेत्रफलमा चैते धानको रोपाइँ हुने गरेको छ । यो वर्ष चाँडै वर्षा भएकाले कृषकलाई धान रोप्ने चटारो छ । कोरोना कहरका बाबजुद पनि कृषक धान रोप्न व्यस्त छन् । तनहुँमा राधा, सावित्री रामधान, सुगन्ध मसिनो, अनदी, सुनौलो सुगन्ध, मकवानपुरलगायतका धान खेती हुने गरेको छ । गत वर्ष ११ हजार २७९ हेक्टर खेतमा धान खेती गरिएकामा ४४ हजार सात ८२ मेट्रिकटन धान उत्पादन भएको थियो ।

केन्द्रका अनुसार भिमाद र शुक्लागण्डकीमा सुनौलो सुगन्ध जातका नयाँ धानको खेतीको शुरुवात गरिएको छ । तनहुँमा खेतीयोग्य जमीनको क्षेत्रफल ६५ हजार ६१ हेक्टर रहेको छ । केही दिनदेखि परेको अविरल वर्षाका कारण आएको बाढीले म्याग्दे, व्यास लगायतका पालिकामा धान खेतमा क्षति पुगेको छ ।


## सूची दर्ता सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०७८ असार २३ गते )

यस वित्तीय संस्थालाई आ.व. ०७८/७९ मा आवश्यक पर्ने विविध सामाग्री तथा सेवाहरु जस्तैः अफिस फर्निचर तथा मेटल फर्निचर, कम्प्युटर, एसेसरिज, इन्भटर, कार्यालय उपकरण, मर्मत संभार, बिज्ञापन, खानेपानी आपूर्ति आदि जस्ता सेवा उपलब्ध गराउन इच्छुक फर्म/कम्पनीले फर्म दर्ता र नविकरण, आयकर तथा मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र** सूची दर्ताको लागि यस संस्थाको केन्द्रीय कार्यालयमा आवेदन दर्ता गर्न आह्वान गरिन्छ ।

**सबैको लघुवित्त वित्तीय संस्था लि.**
**Sabaiko Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय : बन्दीपुर–१, डुम्रे, तनहुँ, फोन: ०६५–५८०४०७, ५८०४२७
Email : info@sabaikolaghubitta.com, Website : www.sabaikolaghubitta.com



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ चनौटे खोरपाखा औसेलुचौर सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्होरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः चनौटे खोरपाखा औसेलुचौर सडक निर्माण**
**स्थानः पोखरा–२३**
**योजना सम्भौता मिति : २०७७/०९/१९ गते**
**काम सुरु मितिः २०७७/११/०१ गते**
**योजना सम्पन्न हुने मिति : २०७८/०१/१७ गते**
**योजनाको कुल लागत : रु.८,८८,८८८.१९।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.८,००,०००।–**
**उपभोक्ताबाट : रु.८८,८८८.१९।–**
**उपभोक्ता समिति अध्यक्षः**

**रघुनाथ लामिछाने** **सचिवः रमेश लामिछाने**

**चनौटे खोरपाखा औसेलुचौर सडक निर्माण समिति**
**पोखरा–२३**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ चाउथे प्रतिभा मार्गमा ३०० मि. बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्होरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः चाउथे प्रतिभा मार्गमा ३०० मि. बाटो ढलान**
**स्थानः पोखरा–१४, चाउथे**
**योजना सम्भौता मिति : २०७८/०१/२९ गते**
**योजना सम्पन्न भएको मिति : २०७८/०३/१९ गते**
**योजनाको कुल लागत : रु. १२,०१,३२४.६४ ।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु. ८,४०,०००।–**
**जनसहभागिताबाट : रु.३,६१,३२४।–**
**उपभोक्ता समिति अध्यक्षः**
**रामचन्द्र सापकोटा**
**जम्मा सदस्य संख्याः ७, महिला सदस्यः ३, पुरुष सदस्यः ४**

**प्रतिभा टोल बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा–१४, चाउथे**

# पर्वतको मोदीका ३३ घर पहिराको उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
**पर्वत, २२ असार**

जिल्लाको मोदी गाउँपालिका-२ मा रहेको कोरुङ्गा सामुदायिक वनमा गएको पहिराका कारण त्यस आसपासका ३३ घर उच्च जोखिममा परेका छन् । करिब ५२ हेक्टर क्षेत्रफल रहेको वनको मुख्य भागको १५ हेक्टर जमीन ठाउँ छाडेर लच्किएकाले वन क्षेत्रभन्दा तल रहेका घर तथा कृषि फार्म पुरिने खतरामा परेका छन् । माथिल्लो क्षेत्रका घर पहिरासँगै तानिने जोखिममा रहेका छन् ।

पातीचौरका स्थानीयवासी तथा शिक्षक वसन्तविक्रम तिमिल्सिनाका अनुसार पहिरो थोरैथोरै गरेर खस्दै गएको छ । वडा नं २ कै सुनचापमा रहेका १४ घर पुरिने खतरामा परेका छन् । यस्तै पहिरो खसेको ठाउँको मुखैमा पर्ने सालघारीका दुई घर र डिहीँका दुई घर गरी १६ घर सबैभन्दा बढी जोखिममा छन् । त्यसबाहेक कानदेउरालीका दुई घर, दोबाटाका तीन घर, डढुवाबारीबाट बढहरेसम्मका करिब १० घर पनि पहिरोले तान्न सक्ने अवस्थामा पुगेको छन् । “त्यहाँको पहिराको अवस्था भनी नसक्नुको छ । केही मात्रामा गएको पहिरो र माथिबाटै लच्किएर आएको जमिनको तल रहेका १४ घर र माथिल्लो क्षेत्रमा रहेका घर उच्च जोखिममा रहेका छन् । पहिराभन्दा तल पातीचौरको क्षेत्रमा लाखौँ लगानी गरिएका कृषि फार्म पनि पुरिने खतरामा छ”, तिमिल्सिनाले भन्नुभयो, “वनबाट शुरु भएको पहिराले ठाउँ छाडेर १० मिटरभन्दा बढी तल सरेको छ । वर्षा भएको बेलामा माथिबाट करिब १५ हेक्टर क्षेत्रफलको भाग पूरै बगेर आउने उच्च जोखिम छ ।” पहिरो आउन सक्ने तल्लो क्षेत्रमा लाखौँ रुपैयाँ लगानी गरिएका कृषि फार्म पनि छन् । पहिरो झरेमा ती सबै फार्म पुरिएर पूर्ण क्षति हुने स्थानीयवासी सविना सुब्बाले बताउनुभयो । त्यहाँ बङ्गुर, कुखुरा र माछाका फार्म छन् । फार्ममा सुब्बाले रु सात लाख लगानी गर्नुभएको छ । यस्तै सञ्जीवनी सहकारीले रु १४ लाख, तेजबहादुर क्षेत्रीले रु सात लाख र मोदी गाउँपालिकाकै क्याङ्का युवाले करिब रु १० लाख लगानी गरेका छन् । पहिरोभन्दा तलको क्षेत्र सुनचापमा घर भएका अन्तरे कामीले माथिबाट आउन सक्ने पहिराले कति बेला अँठ्याउने हो भनेर रातभर निदाउन नसक्ने बताउनुभयो । वर्षा भएको दिनमा पहिरो आउन सक्ने डरले भाग्न तयारी अवस्थामा बस्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ ।

“माथिबाट पहिरो आएर कतिबेला बगाउने हो भन्ने पिर मात्रै छ । गेगरसहितको सानो पहिरो त गएकै छ, अब पहाडै झरेझैँ आउने अवस्था छ”, उहाँले भन्नुभयो, “पानी पर्दाको रातमा भाग्न तयार भएर बस्नुपरेको छ । निदाउने हो भने पहिरो आएर गाउँ नै लान्छ जस्तो छ, निदाउनै हुँदैन ।” पहिरो आउन सक्ने उच्च जोखिमका कारण भने कोरुङ्गा सामुदायिक वन क्षेत्र हुँदै खनिएको करिब १३ किलोमिटर लम्बाइको देउपुर-पातीचौर-लप्सीबोट सडक रहेको स्थानीय बताउँछन् । सडक खन्ने बेलामा भूगर्भविदसहितको प्राविधिक टोलीले अध्ययन गरेको भए पनि सडकमा एकत्रित भएर आउने भलका कारण वनबाट ठूलो क्षेत्रफलको जमीन लच्किएको शिक्षक तिमिल्सिनाले बताउनुभयो ।

लच्किएको जमीन पहिराका रूपमा झरेमा करिब पाँच किलोमिटर सडकसमेत बग्ने अवस्थामा छ । कालोपत्र र ढलान गरिएको उक्त सडक देउराली, देउपुर र भुक जाने मुख्य सडक हो । मोदी गाउँपालिकाका प्रवक्ता विमल लामिछानेले पहिराको जोखिममा रहेका नागरिकको ज्यान जोगाउन बस्ती स्थानान्तरण गर्नुको विकल्प नरहेको बताउनुभयो । जमीन लच्किएको ठाउँबाट साना पहिरा हरेक वर्ष खस्दै आएका कारण समस्या भइरहेको भन्दै उहाँले पहिरो रोक्न सक्ने उपाय नै नभएको उल्लेख गर्नुभयो ।

# गुराँसको जङ्गलभित्र घोडा र साइकल मार्ग

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २२ असार**

जिल्लाको अन्नपूर्ण गाउँपालिकास्थित घोडेपानी क्षेत्रको गुराँसको जङ्गलभित्र घोडा र साइकल मार्ग बनाइएको छ । अन्नपूर्ण-६ मा पर्ने घोडेपानीदेखि वडा नं ७ को प्यारीबाराही ताल जोड्ने साइकल र पोन्नी “ट्रेल” (घोडा मार्ग) निर्माण भएको हो । गाउँपालिकाले पहिचान गरेको घोडेपानी-प्यारीबाराही ताल जोड्ने मार्गमा प्रदेश सरकारले चरा अवलोकन स्थल र घोडा बाँध्ने तबेलासमेत बनाएको छ ।

घोडेपानी भ्रमणमा आउने पर्यटकको बसाइ लम्ब्याउन प्यारीबाराही ताल जोड्ने पदमार्ग पहिचान गरेर पूर्वाधार निर्माण गरिएको उपभोक्ता समितिका अध्यक्ष सुशील पुनले जानकारी दिनुभयो । “घोडेपानीदेखि प्यारीबाराही ताल जोड्ने साइकल र पोन्नी ट्रेक (घोडा हिँड्ने) मार्गका साथै चरा अवलोकन स्थल र तबेला निर्माण गरिएको छ”, उहाँले भन्नुभयो, “सडकका कारण छोटिएको पर्यटकको बसाइ लम्ब्याउन सहायक गन्तव्य बनाएका हौँ ।” कोरोनाको जोखिम र निषेधाज्ञाको असहज अवस्था भए पनि वनमा असर नपुग्ने गरी स्थानीय युवकयुवती र मजदुर परिचालन गरेर मार्ग बनाइएको हो ।

घोडेपानी-प्यारीबाराही मार्गमा पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा प्रदेश सरकारले डिभिजन वन कार्यालयमार्फत रु २० लाख बजेट विनियोजन गरेको थियो । सो बजेटबाट फरक-फरक ठाउँमा डेढ मिटर फराकिलो तीन/तीन किलोमिटरको साइकल र घोडा मार्ग निर्माण भएको सहायक वन अधिकृत नवीन विश्वकर्माले बताउनुभयो । “लालीगुराँसको घना जङ्गलको बीचमा समथर चौर भएको कालीसार भन्ने ठाउँमा चरा अवलोकन स्थल बनाइएको छ”, उहाँले भन्नुभयो, “गुराँसे जङ्गलको पृष्ठभूमिमा धौलागिरि, अन्नपूर्ण शृङ्खलाका हिमालको दृश्य अवलोकन गर्न सकिन्छ ।” यसैगरी भालखारामा पर्यटक चढ्ने घोडा बाँध्ने तबेला निर्माण भएको छ । घोडेपानी आसपासका सम्भावित नयाँ पर्यटकीय गन्तव्य स्थलमा पूर्वाधार विकास गरेर पर्यटकको बसाइ लम्ब्याउने उद्देश्यले नयाँ अवधारणाको मार्ग बनाइएको गाउँपालिकाका अध्यक्ष डमबहादुर पुनले बताउनुभयो ।

घोडेपानी र प्यारीबाराही क्षेत्रमा ठूलो गुराँसको जङ्गल छ । जङ्गलमा डाँफे, कालिज, मृग, चितुवा, घोरललगायत वन्यजस्तुको बसोबास छ । जैविक विविधताका हिसाबले पनि यो पदमार्ग आकर्षक छ । घोडेपानी र प्यारीबाराही तालको नजिकै पर्ने फूलबारीमा प्रदेश सरकारकै रु १० लाख सहयोगमा गुराँस पार्क स्थापना भएको छ ।

घोडेपानीबाट पर्यटकहरू घोडा र साइकल दुवै चढेर प्यारीबाराही ताल जान तथा आउन सक्ने भएका छन् । जङ्गलको बीचमा रहेको प्यारीबाराही तालको धार्मिक तथा पर्यटकीय सम्भावना छ । तालमा हिमालको छायाँ देखिन्छ ।

जनैपूर्णिमा पर्वमा यहाँ पूजाआजा गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वासका साथ मेला लाग्ने गर्छ । करिब २०० मिटर लम्बाइ र १०० मिटर चौडाइमा गोलो आकारमा फैलिएको ताल आकर्षक छ । तालमा खस्ने पात एउटा चराले टिपेर फाल्ने गरेको स्थानीयवासी बताउँछन् ।

# एक महिनामै उप्कियो कालोपत्र

**पोखरापत्र संवाददाता**
**तनहुँ, २२ असार**

भानु नगरपालिका-१ स्थित डुम्रे भन्सार साना शहर विकास आयोजनाले बन्दीपुर-१ स्थित पिप्ले क्षेत्रमा गरेको कालोपत्र एक महिना नबित्दै उप्किएको छ ।

आयोजनाले बन्दीपुर गाउँपालिका-१ पिप्लेदेखि खेलमैदान हुँदै गुरुङटार जाने सडक मार्गमा गरेको कालोपत्र उप्किएको हो ।

सङ्घीय सरकारको रु दुई करोड बजेटमा ठेकेदार कम्पनीले रु एक करोड २९ लाखमा सम्झौता गरी कालोपत्र तथा ढलान कार्य गरेको हो । कालोपत्र गर्ने समयमा राम्रोसँग गर्न भनी स्थानीयवासीले पटकपटक घच्घचाए पनि खासै चासो नदिँदा यो समस्या आएको गाउँपालिका-१ का वडाध्यक्ष भानुभक्त पोखेलले बताउनुभयो ।

आयोजनाले ५०० मिटर ढलानपछि ९०० मिटर कालोपत्र गरिएको जनाएको छ । ढलान र कालोपत्रेको जडान राम्रोसँग सुक्न नपाउँदै पानी पसेर चर्किन जाँदा करीब एक मिटर कालोपत्र उप्किएको आयोजनाका प्रमुख सफल श्रेष्ठले जानकारी दिनुभयो । सुलभ इन्फा काठमाडौँले ठेक्काको उक्त कार्यको जिम्मा पाएको थियो । कालोपत्र उप्किएको जनगुनासा आएपछि तत्कालै प्राविधिक टोली पठाएर अनुगमन गरिएको छ । उहाँले भन्नुभयो, ‘योजनाको कार्य सम्पन्न भैनसकेकाले ठेकेदारलाई पुनः कालोपत्रको लागि आग्रह गरिएको छ ।’


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ चाउथे प्रतिभा टोल रजनी टेलर्स बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: प्रतिभा टोल रजनी टेलर्स बाटो ढलान**
**स्थान: पोखरा–१४, चाउथे**
**योजना सम्झौता मिति : २०७८/०१/१५ गते**
**योजना सम्पन्न भएको मिति : २०७८/०३/१९ गते**
**योजनाको कुल लागत : रु.६,२५,९३३.२५।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.५,००,०००।–**
**जनसहभागिताबाट : रु.१,२५,९३३.२५।–**
**उपभोक्ता समिति अध्यक्ष:**
**रामचन्द्र सापकोटा**
**जम्मा सदस्य संख्या: ७, महिला सदस्य: ३, पुरुष सदस्य: ४**

**प्रतिभा टोल बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१४, चाउथे**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २२ पुम्दीभुम्दीमा मोतीचोक पैयू चौतारी उल्लेरी चिसापानी सडक मर्मत कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: मोतीचोक पैयू चौतारी उल्लेरी चिसापानी सडक मर्मत**
**स्थान: पोखरा–२२, पुम्दीभुम्दी**
**योजना सम्झौता मिति : २०७८/०१/२० गते**
**योजना सम्पन्न भएको मिति : २०७८/०३/१७ गते**
**योजनाको कुल लागत : रु.१०,५८,८२४।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.९,००,०००।–**
**जनसहभागिताबाट : रु.१,५८,८२४।–**
**उपभोक्ता समिति अध्यक्ष: अर्जुन गुरुङ**
**सचिव: मिलन गुरुङ कोषाध्यक्ष: भिम कुमारी नेपाली**
**जम्मा सदस्य संख्या: ९, महिला सदस्य: ३, पुरुष सदस्य: ६**

**मोतीचोक पैयू चौतारी उल्लेरी चिसापानी मोटरबाटो मर्मत उपभोक्ता समिति, पोखरा-२२, पुम्दीभुम्दी**


# पानीजन्य रोगको सङ्क्रमण बढ्न सक्ने चेतावनी

**पोखरापत्र संवाददाता**
**मनाङ, २२ असार**

हिमाली जिल्ला मनाङमा बाढीपहिरोका कारण पानीजन्य रोगको सङ्क्रमण बढ्नसक्ने चेतावनी दिइएको छ । अस्पतालमा आजभोलि पानीजन्य रोगको बिरामी आउने गरेको जिल्ला अस्पताल मनाङका डाक्टर प्रतिभा गौलीले बताउनुभयो । डा गौलीले भन्नुभयो,“बाढीपहिराले खाने पानीका पाइप र मुहान बगाएपछि जिल्लामा शुद्ध पिउने पानीको अभाव भएको छ । आकाशे पानीको भरमा बस्नुपर्ने बाध्यता छ । बाढीपहिराबाट विस्थापित भएका नागरिक एउटै कारागार भवनमा ३०० जना बसेका छन् । त्यस कारणले कोभिड- १९ को मात्र नभएर पानीजन्य रोग फैलिने होकी भन्ने हाम्रो चिन्ता छ ।”

अस्पतालमा आजभोलि पानीजन्य सम्बन्धित रोगका बिरामी धेरै आउने गर्दछन् । “अहिले नै पानीजन्य रोगको सङ्क्रमणले महामारीको रुप त लिएको छैन तर, यस्ता सरुवा रोगदेखि सचेत हुनुपर्दछ ।” यो वर्ष कोरोना महामारीको उच्च जोखिम त्यसमाथि बाढीपहिराले पानीजन्य रोगको सङ्क्रमण बढ्नसक्ने भन्दै डा गौलीले जिल्लावासीलाई सचेत रहन आग्रह गर्नुभयो । उहाँ भन्नुहुन्छ,“बाध्यतावस जिल्लामा बाढीपहिरोबाट विस्थापित नागरिक एकै ठाउँमा बसेका छन् । तर, बस्दा सरसफाइदेखि लिएर खानेपानीलाई उमालेर हुन्छ कि अन्य शुद्धिकरणका उपाय अपनाएर मात्र पिउन जिल्लावासीलाई अनुरोध गर्दछु ।” वर्षात् शुरु भएसँगै ब्याक्टेरिया, भाइरस तथा जीवाणु बढी सक्रिय हुने गर्दछ । गर्मी एवं वर्षायाममा रोगको प्रकोप अन्य यामको तुलनामा बढ्ने गर्दछ । जसले गर्दा यो मौसममा झाडापखला, जण्डिस, भाइरल ज्वरो, डेङ्गु, औँलौ, सर्पदंशलगायतका बिरामीको सङ्ख्या बढ्ने गरेको चिकित्सकको भनाइ छ । जिल्लामा अबिरल वर्षापछि आएको बाढीपहिराले विद्युतीय क्षेत्रमा पुऱ्याएको क्षतिबाट अस्पताल प्रभावित भएको छ । अस्पतालमा प्रयोगशाला सञ्चालनमा कठिनाइ भएको पनि डा गौलीले बताउनुभयो । अस्पतालमा भएको जेनेटर दुई दुईघण्टा मात्र खोलेर प्रयोगशाला सञ्चालन गर्नुपरेको डा गौलीले बताउनुभयो ।

यस्तै जिल्लामा बाढीपहिरो पश्चात् आउनसक्ने विभिन्न खालका महामारीलाई मध्यनजर गर्दै जनस्वास्थ्य कार्यालय मनाङले काम अगाडि बढाएको छ । जिल्लामा बाढीपहिरो गएपछि क्लोरिन ट्याब्लेटको माध्यमबाट खानेपानीलाई शुद्धीकरण गरिएको जनस्वास्थ्य कार्यालय मनाङका प्रमुख बद्री आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो,“अहिले यहाँका नागरिक आकाशे पानी खाएर बस्न बाध्य छन् । आकाशे पानी खाएर बस्दा स्वास्थ्यमा असर पर्ने भएकाले पानीमा क्लोरिन ट्याब्लेटको माध्यमबाट पानी शुद्धीकरण गरेका छौँ, यसका साथै पानीजन्य रोगबाट सङ्क्रमण बढ्न सक्ने भन्दै सूचनामूलक सन्देश दिँदै हिँडेका छौँ ।” मनाङका विभिन्न स्थानमा भौतिक संरचनामा ठूलो क्षति हुने गरी बाढीपहिरो गएको छ । जिल्लामा बाढी पछि आउन सक्ने पानीजन्य रोगको जोखिम भएकाले सबैले सावधानी अपनाउन जनस्वास्थ्य कार्यालय मनाङको आग्रह छ । यस परिस्थितमा उद्धार, राहतका कार्यमा जुट्दा कोरोना विरुद्धको स्वास्थ्यका मापदण्ड नअपनाउँदा, सफा पिउने पानी नपाउँदा, लामखुट्टेबाट बच्न नसक्दा, उपयुक्त गाँस र बाँसको प्रबन्ध राम्रो नहुँदा झनै स्वास्थ्यसम्बन्धी विभिन्न समस्या आउन सक्ने भएकोले विशेष सावधानी अपनाउनु आवश्यक रहेको जिल्ला जनस्वास्थ्य प्रमुख आचार्य बताउनुहुन्छ ।

# पहिराबाट पर्वतका १९ घरपरिवार विस्थापित

**रासस**
**काठमाडौं, २२ असार**

पर्वत सदरमुकाम कुश्माबजारका १९ घरपरिवार बाढीपहिरोका कारण विस्थापित भएका छन् । अविरल वर्षासँगै सोमवार राति आएको बाढीले कुश्मा नगरपालिका–४ जिरो किमी र नारायणस्थान वरपरका १९ घर जोखिममा परेका छन् ।

कुश्मा नगरपालिका–३ सल्यानबाट ठूलाठूला ढुङ्गा र गेग्रानसहितको पहिरो आउँदा स्थानीयवासीको घरआङ्गन पुरिएको छ । मध्यपहाडी लोकमार्गमा समेत गेग्रानले भरिएको छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय परिसर र बिरुवा नर्सरी पहिरोले पुरिएको छ । कुश्मा नगरपालिकाको अनुरोध अनुसार जिल्ला प्रशासन कार्यालयले तत्काल जोखिममा रहेका परिवारलाई स्थानान्तरण गर्ने र पहिरोको जोखिम न्यूनीकरणका लागि प्रदेश र सङ्घीय सरकारसँग सहयोग माग गरेको छ । नगरप्रमुख रामचन्द्र जोशीले पहिरोको जोखिममा रहेका बस्तीलाई तत्काल सुरक्षित स्थानमा सार्नुपर्ने र यसको स्थायी समाधान खोज्नुपर्ने आवश्यकता औल्याउनुभयो । पहिरो क्षेत्रको स्थलगत अवलोकन गरेर जिल्ला प्रशासन कार्यालयमार्फत सङ्घीय र प्रदेश सरकारलाई यसको नियन्त्रणका लागि आवश्यक पहल गरिदिन अनुरोध गरिएको उहाँको भनाइ छ ।

प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीले बस्तीमा जोखिम बढेकाासीलाई तत्काल सुरक्षित स्थानमा सार्ने र चेकड्याम बनाएर पहिरो नियन्त्रणको प्रयास गर्न यहाँका सम्बन्धित कार्यालयलाई अनुरोध गरिएको बताउँदै बाढीपहिरोले बस्तीमा ल्याएको ढुङ्गा र ग्रेगान पन्छाउन कुश्मा नगरपालिका, मध्यपहाडी लोकमार्ग र भू तथा जलाधार व्यवस्थापन कार्यालयलाई समन्वयात्मक ढङ्गले काम गर्न आग्रह गरिएको जानकारी दिनुभयो । पहिरोले जिरोकिलो, पोखरी उप्री र डम्डारेखोला वरपरको बस्तीमा ठूलो क्षतिको जोखिम हुने भएकाले त्यस क्षेत्रका बासिन्दालाई सचेत रहन स्थानीय प्रशासनले अनुरोध गरेको छ । पहिरोको दीर्घकालिन समाधान नगर्ने हो भने कुश्मादेखि गुप्तेश्वर गुफासम्मको बस्तीमा ठूलो क्षति हुन सक्ने अनुमान प्रमुख जिल्ला अधिकारी खत्रीको छ ।

# सबै प्राथमिक विद्यालयलाई ल्यापटप

**पोखरापत्र संवाददाता**
**पर्वत, २२ असार**

जलजला गाउँपालिकाले कक्षा १ देखि ५ सम्मको तहमा पठनपाठन हुने २३ वटा आधारभूत बिद्यालयलाई ल्यापटप वितरण गरेको छ ।

प्राथमिक तहका विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि हरेक विद्यालयलाई एक/एक वटा ल्यापटप वितरण गरेको हो । गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्ल, सामाजिक विकास समितिका संयोजक तथा वडा नम्बर २ का अध्यक्ष गोविन्द खत्री र प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले एक समारोहका बीच विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुलाई ल्यापटप वितरण गर्नुभएको थियो । आधारभूत बिद्यालयको प्रशासनिक कार्यलाई सहज र प्रविधिमैत्री बनाउन तथा सिकाइ क्रियाकलापमा प्रविधिको प्रयोगका लागि पालिकाको स्रोतबाट बजेट व्यवस्थापन गरेर ल्यापटप उपलब्ध गराएको प्रशासकीय अधिकृत शर्माले बताउनुभयो ।

समितिका संयोजक खत्रीले कक्षा १ देखि ३ तहका बिद्यालयलाई आगामी वर्ष ल्यापटप उपलब्ध गराउने, इन्टरनेट जडान गर्न सबै बिद्यालयमा रु १२ हजारका दरले निकासा गरिएको र अहिले ल्यापटप दिएका विद्यालयलाई अर्को वर्ष प्रिन्टर वितरण गर्न कार्यक्रम रहेको जानकारी दिनुभयो ।

# पहिराबाट मृत्यु भएका परिवारलाई राहत

**पोखरापत्र संवाददाता**
**दमौली, २२ असार**

वर्षासँगै आएको पहिराबाट मृत्यु भएका तनहुँको बन्दीपुर गाउँपालिका-३ तामुङका पीडित परिवारलाई प्रदेश सरकारको तर्फबाट राहत वितरण गरिएको छ ।

यही असार १७ गते आएको पहिरामा परी मृत्यु भएकाका परिवारलाई गण्डकी प्रदेश सरकारको तर्फबाट राहत वितरण गरिएको हो । पहिरामा परी उक्त ठाउँका ३० वर्षीया सरस्वती थापा र ७० वर्षीया हरिमाया सर्किनीको मृत्यु भएको थियो ।

मंगलबार पीडितको घरमै पुगी गण्डकी प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री हरिबहादुर चुमानले रु ५० हजारका दरले राहत रकम प्रदान गर्नुभएको छ । सो क्रममा पूर्वमन्त्री चुमानले मृतक थापाका आफन्त सूर्यबहादुर थापामगर र मृतक सर्किनीका आफन्त जुनबहादुर बस्याललाई राहत रकम हस्तान्तरण गर्दै प्राकृतिक विपत्तिलाई रोक्न नसकिने भएपनि पूर्वतयारी अपनाउनुपर्नेमा जोड दिनुभयो ।

मृतकका परिवारलाई सङ्घीय सरकारका तर्फबाट पनि केही दिनभित्रै रु दुई लाख सहयोग प्रदान गरिने प्रमुख जिल्ला अधिकारी सागर आचार्यले जानकारी दिनुभयो । पहिराबाट जिल्लामा दुई जनाको मृत्यु भएको र १३ जना घाइते भएका थिए ।